**CMC Journal** ISSN: 2795-1588 (Print)

Received Date: Oct 20, 2025 Accepted Date: Feb 15, 2026

# कौटिल्य अर्थशास्त्रमा राज्यका सात अङ्ग र मल्लकालीन शासनप्रणालीमा यसको प्रभाव

रबिनमणि दाहाल

चौतारा बहुमुखी क्याम्पस

Email: imdahalrm@gmail.com

Orcid :-0009-0009-1580-4689

**सार**

चाणक्य कौटिल्य पूर्वीय वाङ्मयका महान दार्शनिक र अर्थशास्त्री हुन् । उहाँद्वारा रचित अर्थशास्त्र पूर्वीय वाङ्मयको एक महत्वपूर्ण आर्थिक, राजनीतिक र प्रशासनिक ग्रन्थ हो । यसले मानव जीवन र भूमिलाई आर्थिक स्रोतको रूपमा व्याख्या गर्दै राज्य सञ्चालनका सात अङ्ग स्वामी, अमात्य, कोष, दुर्ग, दण्ड, जनपद र मित्रको सैद्धान्तिक आधार प्रस्तुत गरेको छ । उनका नीति र उपदेशले राज्यव्यवस्था र जनजीवनमा महत्वपूर्ण प्रभाव पुऱ्याएका छन्। पूर्वीय राजनीतिमा यसको प्रभाव अझै स्पष्ट देखिन्छ भने मध्यकालीन नेपाली राजनीतिमा पनि यसको प्रयोग र प्रभाव स्पष्ट पाइन्छ । यस अध्ययनले कौटिल्य अर्थशास्त्रमा वर्णित राज्यका सात अङ्ग र मल्लकालीन शासन व्यवस्थामा त्यसको प्रभावको विश्लेषण गरेको छ । अध्ययनमा कौटिल्य अर्थशास्त्रको परिचय, मध्यकालीन नेपालको राजनीतिक पृष्ठभूमि, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, सैद्धान्तिक आधार र अध्ययन विधिसहित विषयवस्तुको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

***शब्दकुञ्जी:*** स्वामी, अमात्य, कोष, दुर्ग, दण्ड, जनपद, मित्र

## अध्ययनको पृष्ठभूमि

चाणक्य कौटिल्य पूर्वीय वाङ्मयका महान दार्शनिक, अर्थशास्त्री र राजनीतिज्ञ हुन् । उहाँले चौथो शताब्दी ईसापूर्वमा रचित अर्थशास्त्रमा मानव जीवन, भूमि, अर्थ र राज्य सञ्चालनका सैद्धान्तिक पक्षहरूलाई विश्लेषण गरेर पूर्वीय राज्यव्यवस्था र अर्थशास्त्रमा अमूल्य योगदान

पुऱ्याउनुभएको छ। कौटिल्यले अर्थशास्त्रलाई केवल धन वा आर्थिक क्रियाकलाप मात्र नभई मानव वृत्तिजीविका र भूमिलाई प्राप्त गर्ने तथा त्यसको संरक्षण गर्ने शास्त्रको रूपमा व्याख्या गर्नुभएको छ। उनका अनुसार कृषि, वाणिज्य, पशुपालन र अन्य आर्थिक क्रियाकलापहरू राज्य र व्यक्तिको आयस्रोत हुन् । कौटिल्य अर्थशास्त्रमा **स्वाम्यमात्यजनपददुर्गकोशदण्डौमित्राणि प्रकृतयः** भनेर राज्य सञ्चालनका सात अङ्ग स्वामी, अमात्य, कोष, दुर्ग, दण्ड, जनपद र मित्रको अवधारणा प्रस्तुत गरिएको छ (मिश्र, २००८ पृ. ३) ।

स्वामी अर्थात् राजा राज्यको सञ्चालन र निर्णय प्रक्रियामा केन्द्रीय भूमिका खेल्छन् र योग्य, धार्मिक प्रवृत्तिका, शिक्षित र दुरदर्शी हुनुपर्ने कुरा कौटिल्यले उल्लेख गरेका छन्। अमात्य वा मन्त्रीले राज्यका प्रशासनिक कार्यमा सहयोग पुऱ्याउने, अनुशासित र निडर भएर राजा-प्रजाबीचको सन्तुलन कायम गर्ने जिम्मेवारी पाउँछन्। कोष राज्यको आर्थिक आधार सुनिश्चित गर्ने, कर प्रणाली मार्फत अन्न, पशु, व्यापार र बहुमूल्य धातु सङ्कलन गर्ने स्रोत हो। दुर्ग राज्यको सुरक्षा र सीमा रक्षा सुनिश्चित गर्न बनाइन्छ भने दण्ड वा सेना राजाको सुरक्षा र सामाजिक अनुशासनको सुनिश्चितकर्ताको रूपमा कार्य गर्दछ। जनपदले जनता र भूमि व्यवस्थापनमार्फत राज्यको आधार तयार पार्छ र मित्रले कूटनीति र छिमेकी राज्यसँगको सहयोग कायम राख्ने माध्यमको रूपमा महत्त्व राख्दछ।

पूर्वीय राजनीतिमा कौटिल्य अर्थशास्त्रको प्रभाव स्पष्ट देखिन्छ । मध्यकालीन नेपाली राज्य व्यवस्थामा पनि यी सिद्धान्तको प्रयोग भएको पाइन्छ । भूमिव्यवस्थापन, कर प्रणाली, प्रशासनिक निर्णय, सेना सञ्चालन र छिमेकी राज्यसँगको मित्रवत व्यवहारमा कौटिल्यका नीतिहरू प्रभावकारी देखिन्छन् । यसले मध्यकालीन नेपाली राजनीतिक संरचना र प्रशासनिक अभ्यासमा पूर्वीय विचारको अवशेष रहेको प्रमाणित गर्छ। यस अध्ययनले कौटिल्य अर्थशास्त्रका सात अङ्ग र मध्यकालीन नेपाली राजनीतिमा यसको प्रभावको विश्लेषण गरेर ऐतिहासिक, प्रशासनिक र सामाजिक दृष्टिले विषयलाई स्पष्ट पार्ने उद्देश्य राख्दछ ।

पूर्वीय वाङ्मयका महान दार्शनिक चाणक्य कौटिल्यले आफ्नो अर्थशास्त्रमा राज्य सञ्चालनका सात अङ्ग-स्वामी, अमात्य, कोष, दुर्ग, दण्ड, जनपद र मित्रको अवधारणा स्पष्ट पारेका छन् । यी सिद्धान्तहरूले मात्र राज्यको आर्थिक र प्रशासनिक संरचना सुनिश्चित गर्दैनन्, वरन् जनजीवन, सामाजिक संरचना र कूटनीतिक सम्बन्धमा पनि प्रभाव पार्छन् । यद्यपि, नेपाली मध्यकालीन राजनीतिक संरचना र प्रशासनिक अभ्यासमा कौटिल्यका यी सिद्धान्तहरूको प्रभावको व्यापक अध्ययन पर्याप्त रूपमा गरिएको छैन । अधिकांश अनुसन्धानले केवल राजा-मन्त्री सम्बन्ध वा

आर्थिक पक्षमा सिमित विश्लेषण गरेका छन्, तर सुरक्षा, भूमि व्यवस्थापन, जनता-राजा सम्बन्ध र मित्रराष्ट्रसँगको सम्बन्धमा यसको बहुआयामिक प्रभावको विश्लेषण अभावमा छ। यसले ऐतिहासिक ज्ञान र प्रशासनिक अभ्यासबीचको सम्बन्ध बुझ्न चुनौती सिर्जना गर्दछ। यस अध्ययनको मुख्य उद्देश्य कौटिल्य अर्थशास्त्रमा वर्णित राज्यका सात अङ्ग र मल्लकालीन नेपाली राजनीतिमा त्यसको प्रभावको विश्लेषण गर्नु रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ। यस अध्ययनमा कौटिल्य अर्थशास्त्रमा वर्णित राज्यका सात अङ्ग र मल्लकालीन नेपाली शासन प्रणालीबीचको वैचारिक तथा संरचनात्मक सम्बन्धको विश्लेषण गरिएको छ। गुणात्मक पद्धतिले ऐतिहासिक तथ्य, दार्शनिक अवधारणा र राजनीतिक संरचनाको गहिरो व्याख्या गर्न उपयुक्त हुने भएकाले यस अध्ययनका लागि यस विधिलाई उपयुक्त मानिएको हो।

यस अनुसन्धानमा मुख्यतः ऐतिहासिक तथा तुलनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ। ऐतिहासिक विधिका माध्यमबाट कौटिल्य अर्थशास्त्र र मल्लकालीन शासन प्रणालीसम्बन्धी ऐतिहासिक सन्दर्भ, अभिलेख, ग्रन्थ र पूर्व अध्ययनहरूको विश्लेषण गरिएको छ भने तुलनात्मक विधिका माध्यमबाट कौटिल्यले प्रतिपादन गरेका राज्यका सात अङ्ग र मल्लकालीन शासन व्यवस्थामा देखिएका प्रशासनिक, आर्थिक, न्यायिक तथा कूटनीतिक अभ्यासहरूबीच समानता र भिन्नता पहिचान गरिएको छ।

तथ्याङ्क सङ्लनका लागि द्वितीयक स्रोत सामग्रीको प्रयोग गरिएको छ। कौटिल्य अर्थशास्त्रका मूल ग्रन्थ, त्यसका टीका-टिप्पणी, अनुवाद, अनुसन्धानात्मक पुस्तक, जर्नल लेख तथा मल्लकालीन नेपाली इतिहाससम्बन्धी प्रकाशित ग्रन्थहरूलाई मुख्य आधार बनाइएको छ। सङ्कलित तथ्य तथा अवधारणाहरूलाई वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरी निष्कर्ष निकालिएको छ, जसले अनुसन्धानको विश्वसनीयता र शास्त्रीयता कायम राख्न सहयोग पुऱ्याएको छ।

## सैद्धान्तिक पर्याधार

'अर्थशास्त्र' शव्द 'अर्थ' र 'शास्त्र' मिलेर बने को छ। यहाँ 'अर्थ' भन्नाले धन र 'शास्त्र' भन्नाले ज्ञान, विधि तथा पद्दति भन्ने बुझिन्छ। यसरी अर्थशास्त्र भनेको धन सम्बन्धी अध्ययन गर्ने शास्त्र भन्ने हुन्छ। अर्थ अथवा आर्थिक कारोबार सम्बन्धीको शिक्षा दिने एक विषय (शास्त्र) हो (ज्ञवाली र दुलाल, २०७६, पृ.९)। पूर्वीय वाङ्मयमा कौटिल्यले तन्त्रयुक्ति अध्यायमा अर्थशास्त्रलाई **मनुष्याणां वृत्तिरर्थः। मनुष्यवती भूमिरित्यर्थः। तस्याः लाभपालनोपायः शास्त्रमर्थशास्त्रमिति** अर्थात

मानिसहरूको वृत्ति-जीविकालाई अर्थ भनिन्छ भनेर परिभाषित गरेको पाइन्छ (प्राणनाथ, १९२३ पृ. १३) । मानिसहरू भएको भूमि पनि अर्थ हो । यस्तो वृत्तिको आधार भूमिलाई प्राप्त गर्ने र त्यसको पालनका उपायहरू निरुपण गर्ने शास्त्र नै अर्थशास्त्र हो भनेर परिभाषित गरेको पाइन्छ । उनका अनुसार मानवीय जीविका नै आर्थिक क्रियाकलाप  हो । कृषितथा मानिसका वसोबासका लागि प्रयोग हुने भूमि व्यक्ति र राज्यको आयस्रोत हो । यसकारण यसमा प्रतिफलको अध्ययन र वृद्धिका उपायहरुको व्याख्या गरिन्छ । यसै गरी शुक्रनीतिमा अर्थशास्त्रलाई श्रुतिस्मृत्यविरोधेन राजवृत्तादिशासनम् । सुयुक्त यार्थार्जनं यत्र ह्यर्थशास्त्रं तदुच्यते । अर्थात वेद र स्मृतिले बताएका नियमहरू अन्तर्गत रही राजकाजको सञ्चालन र उत्कृष्ट विधिले धन आर्जन गर्ने कुरा जुन शास्त्रमा अध्ययन गरिन्छ त्यो नै अर्थशास्त्र हो ।

पूर्वीय अर्थशास्त्र परम्परामा चाणक्य कौटिल्यको महत्त्वपूर्ण स्थान रहेको छ । कौटिलीय विचार अनुसार राज्यका सात अङ्ग हुन्छन्, स्वामी, अमात्य, कोष, दुर्ग, दण्ड, जनपद र मित्र । उनको विचारमा पदार्थ, वित्त, सार्वजनिक वा व्यक्तिगत सम्पत्ति, सुन, चाँदी संचित गरिएको अर्थ, श्री अर्थात् समृद्धि, भोग गर्न सकिने कुरा, विनिमय र हस्तान्तरीय वस्तु यी सबै भौतिक धन हुन् । राष्ट्रलाई आर्थिक रूपमा सम्पन्न तुल्याउन उनले कृषि, पशुपालन र वाणिज्यलाई निकै महत्व दिएका छन् ।कौटिल्य एक ऋषि जीवन बिताउने व्यक्ति र विभिन्न किसिमका नीति र उपदेश पनि दिने भएकाले संस्कृत वाङ्मयमा उनको नाम बडो आदरका साथ लिइन्छ । उनका नीति तथा उपदेशहरुले समाजलाई समेत चलाएको र जनजीवनमा उनका नीतिहरुको विशेष प्रभाव रहेको पाइन्छ  । यसकारण कौटिल्यको अर्थशास्त्र पनि नीतिसँगै जोडिएर रचना गरिएकोले पूर्वीय राज्य व्यवस्था एवम् अर्थव्यवस्थामा कौटिल्यको महत्वपूर्ण प्रभाव परेको देखिन्छ ।

**कौटिल्य अर्थशास्त्रमा प्रस्तुत राज्य सञ्चालनका सात अङ्ग**

स्वामी (राजा): प्रशासनिक निर्णय, न्याय, सुरक्षा र राज्य नेतृत्वको केन्द्रीय पात्र ।

अमात्य (मन्त्री): राजा र प्रशासनबीचको सन्तुलन कायम गर्ने, नीति निर्माणमा मार्गदर्शन गर्ने ।

कोक्षः राज्यको आर्थिक आधार, कर प्रणाली, कृषि, वाणिज्य र धन व्यवस्थापन ।

दुर्गः सुरक्षा र सीमा रक्षा सुनिश्चित गर्ने संरचना ।

दण्डः सेना, सामाजिक अनुशासन र कानून व्यवस्था ।

जनपदः भूमि, जनता र स्रोतहरूको व्यवस्थापन ।

मित्रः कूटनीति र छिमेकी राज्यसँगको सहयोग ।

**मध्यकालीन नेपाली इतिहासमा मल्लकाल**

नेपाली इतिहासको अध्ययन गर्दा वि.सं. ९३७ देखि १८२५ सम्मको समयावधीलाई मध्यकालको रुपमा अध्ययन गर्ने प्रचलन रहेको पाइन्छ। मध्यकाललाई पनि जयस्थिति मल्लको उदय अघि पूर्वमध्य र त्यसपछिको समयलाई उत्तरमध्यमिककाल भनेर अध्ययन गरेको पाइन्छ। मध्यकालीन नेपालको इतिहासमा मल्लकाललाई प्रमुखताका साथ हेर्ने गरिन्छ। मल्लकालको सुरुवात तेह्रौं शताब्दीदेखि मान्ने गरिन्छ। यद्यपि तेह्रौं शताब्दीभन्दा अघि नेपालका विभिन्न भूभागमा मल्लहरुको सक्रियता देखिए पनि काठमाडौं उपत्यकामा मल्लहरुको शासन सुरुवात तेह्रौं शताब्दीबाटै राजा अरि मल्लबाट सुरु भएको इतिहासकारहरुको मत रहेको छ।  नेपालको इतिहासमा अरि मल्लको उल्लेख प्रथम राजाको रुपमा भएको छ। अरि मल्लभन्दा अगाडि नै मल्लहरु शासनमा देखिए पनि स्वतन्त्र शासकको रुपमा विभिन्न स्रोतहरुले वर्णन गरिएका भने पहिलोपल्ट अरिमल्ल नै देखिन्छन्। यिनी राजगद्दिमा वि.सं. १२५७ मा बसेका थिए। अरिमल्लले शासन सुरु गर्दा सुरुदेखि नै राजाधिराज परमभट्टारकराज्ञः नेपालेश्वर, महाराजाधिराज, प्रतापलङ्केश्वर आदि उच्च पदहरु ग्रहण गरेको कुरा तत्कालीन स्रोतहरुबाट बुझ्न सकिन्छ। वि.सं. १२७३ मा लेखिएको अमृतेश्वर पूजा नामक ग्रन्थमा त सम्पूर्ण प्राणीको हृदयमा आनन्द प्रदान गर्ने सम्पूर्ण शास्त्रहरु, तन्त्र आदि समेतमा राम्रो ज्ञान पाएका, दीनदुःखीको सेवा गर्ने, अनेक गुण भएका समेत भनिएको छ (दाहाल, २०५७, पृ. १३०)। अरिमल्लपछि थुप्रै मल्लराजाहरुले शासन व्यवस्था सम्हालेको पाइन्छ। मल्लकालीन प्रमुख राजाहरुमा जयस्थिति मल्ल, यक्ष मल्ल लगायत राजाहरुले व्यवस्तिथ शासन व्यवस्था चलाएको पाइन्छ। त्यसपछि भने मल्लराज्यहरु टुक्रिन पुग्दछन् र यक्ष मल्लका छोराले कन्तिपुरलाई अगग्गै राज्य बनाएर शासन व्यवस्था चलाएको पाइन्छ। कन्तिपुरमा पनि महेन्द्र मल्ल प्रतापमल्ल जस्ता थुप्रै प्रभावशाली राजाहरुले शासनसत्ताको वागडोर सम्हालेको इतिहास पाइन्छ। वि.सं. १०१६ सालमा द्रव्यशाहको उदयपश्चात मल्ल राज्यहरुको प्रभाव कम हुँदै जान्छ। द्रव्यशाहले गोरखामा स्वतन्त्र राज्य स्थापना गरेपछि मल्ल राज्यहरुमा विभिन्न किसिमका घटनाहरु घट्दछन्। आपसी बेमेल, दरबारभित्रको आन्तरिक कलह, रणजित मल्लको अदूरदर्शिता, प्रधानहरुको मनमानी, आर्थिक नाकाबन्दी, पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानले गर्दा मल्ल राज्यहरूको पतन हुन पुग्दछ (दाहाल, २०५७, पृ. १३१)।

मल्लकालीन नेपालको इतिहासमा थुप्रै प्रभावशाली राजाहरूको उदय भएको पाइन्छ। मल्लकालका विभिन्न राजाहरुले व्यवस्थित शासनप्रणालीको स्थापना गर्नुका साथै न्यायिक, प्रशासनिक, आर्थिक, औद्योगिक लगायत विविध क्षेत्रमा उल्लेख्य विकास गरेको पाइन्छ। वास्तुकला,

मूर्तीकला लगायतका क्षे त्रमा पनि विकास हुनुका साथै मुद्राको प्रचलनदेखि लिएर विभिन्न राज्यहरुसँगको कुटनैतिक तथा व्यापार व्यवसायसँग सम्बन्धित सन्धीहरु समेत गरेको पाइन्छ । यसरी समग्रमा भन्नुपर्दा मध्यकालीन नेपालको इतिहासमा मल्लकालिन शासन प्रणालीमा कौटिल्य अर्थशास्त्रले उल्लेख गरेका राज्यका सात अङ्गहरुका बारेमा गरेको चर्चासँग थुप्रै कुरा मिल्न गएको पाइन्छ । यसबाट के बुझ्न सकिन्छ भने कौटिल्य अर्थशास्त्रको प्रभाव मल्लकालीन शासन प्रणालीमा परेको पाइन्छ ।

प्रस्तुत अध्ययनको सैद्धान्तिक पर्याधार कौटिल्य अर्थशास्त्रमा प्रतिपादित "राज्यका सात अङ्ग" (सप्ताङ्ग राज्य सिद्धान्त) मा आधारित छ । कौटिल्यका अनुसार स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्र राज्य सञ्चालनका अनिवार्य अङ्गहरू हुन्, जसको सन्तुलित व्यवस्थापन बिना कुनै पनि राज्य सुदृढ र स्थिर रहन सक्दैन । यस सिद्धान्तले राज्यलाई केवल शासकको शक्ति नभई एक समन्वित संस्थागत संरचनाका रूपमा व्याख्या गर्दछ ।

यस अध्ययनमा सप्ताङ्ग राज्य सिद्धान्तलाई विश्लेषणात्मक ढाँचाका रूपमा प्रयोग गरिएको छ । प्रत्येक अङ्गलाई छुट्टाछुट्टै सैद्धान्तिक इकाइका रूपमा ग्रहण गरी मल्लकालीन शासन प्रणालीमा तिनको व्यवहारिक प्रयोग कस्तो रहेको थियो भन्ने विषयमा विश्लेषण गरिएको छ । स्वामीका रूपमा राजाको भूमिका, अमात्यका रूपमा मन्त्री तथा भारदारहरूको कार्य, जनपदको व्यवस्थापन, दुर्ग र दण्डद्वारा सुरक्षा तथा न्याय प्रणाली, कोषद्वारा आर्थिक संरचना र मित्रद्वारा कूटनीतिक सम्बन्धको अध्ययन यसै सैद्धान्तिक आधारमा गरिएको छ ।

सप्ताङ्ग राज्य सिद्धान्तले राज्य सञ्चालनमा नैतिकता, व्यावहारिकता र शक्ति सन्तुलनलाई समान रूपमा जोड दिने भएकाले मल्लकालीन शासन प्रणालीको मूल्याङ्कन गर्न यो सिद्धान्त उपयुक्त देखिन्छ । मल्लकालीन नेपाली राजनीतिमा देखिने प्रशासनिक व्यवस्था, कर प्रणाली, न्यायिक अभ्यास, सैन्य संरचना र छिमेकी राज्यहरूसँगको सम्बन्धलाई कौटिलीय सिद्धान्तसँग तुलना गर्दा पूर्वीय राजनीतिक चिन्तनको दीर्घकालीन प्रभाव स्पष्ट हुन्छ । यसरी कौटिल्य अर्थशास्त्रलाई सैद्धान्तिक पर्याधारका रूपमा ग्रहण गर्दा अध्ययनको वैचारिक गहिराइ र विश्लेषणात्मक स्पष्टता अभिवृद्धि भएको छ ।

## कौटिल्य अर्थशास्त्रमा राज्यका सात अङ्ग र मल्लकालीन शासन प्रणालीमा त्यसको प्रभाव

पूर्वीय वाङ्मयका महान दार्शनिक चाणक्य कौटिल्यद्वारा इसाको चौथो शताव्दीतिर रचना गरिएको अर्थशास्त्रलाई कौटिल्य अर्थशास्त्र भनिन्छ । तत्कालीन समयमा भारतको आर्थिक तथा सामाजिक अवस्थाको जानकारी दिन र सही बाटो अवलम्बन गर्न महत्वपूर्ण योगदान गरेका

कौटिल्यले पूर्वीय वाङ्मयमा चाणक्य कौटिल्यले अर्थशास्त्रको परिभाषा र व्याख्या विश्लेषण गरेको पाइन्छ। कौटिल्यले तन्त्रयुक्ति अध्यायमा अर्थशास्त्रलाई मनुष्याणां वृत्तिरर्थः। मनुष्यवती भूमिरित्यर्थः। तस्याः लाभपालनोपायः शास्त्रमर्थशास्त्रमिति अर्थात मानिसहरूको वृत्ति-जीविकालाई अर्थ भनिन्छ। मानिसहरू भएको भूमि पनि अर्थ हो। यस्तो वृत्तिको आधार भूमिलाई प्राप्त गर्ने र त्यसको पालनका उपायहरू निरुपण गर्ने शास्त्र नै अर्थशास्त्र हो भनेर परिभाषित गरेको पाइन्छ। उनका अनुसार मानवीय जीविका नै आर्थिक क्रियाकलाप हो। कृषि तथा मानिसका वसोबासका लागि प्रयोग हुने भूमि व्यक्ति र राज्यको आयस्रोत हो। यसकारण यसमा प्रतिफलको अध्ययन र वृद्धिका उपायहरुको व्याख्या गरिन्छ।

पूर्वीय अर्थशास्त्र परम्परामा चाणक्य कौटिल्यको महत्वपूर्ण स्थान रहेको छ उनको विचारमा पदार्थ, वित्त, सार्वजनिक वा व्यक्तिगत सम्पत्ति, सुन, चाँदी संचित गरिएको अर्थ, श्री अर्थात् समृद्धि, भोग गर्न सकिने कुरा, विनिमय र हस्तान्तरीय वस्तु यी सबै भौतिक धन हुन्। राष्ट्रलाई आर्थिक रूपमा सम्पन्न तुल्याउन उनले कृषि, पशुपालन र वाणिज्यलाई निकै महत्व दिएका छन्। कौटिल्य एक ऋषि जीवन बिताउने व्यक्ति र विभिन्न किसिमका नीति र उपदेश पनि दिने भएकाले संस्कृत वाङ्मयमा उनको नाम बडो आदरका साथ लिइन्छ। उनका नीति तथा उपदेशहरुले समाजलाई समेत चलाएको र जनजीवनमा उनका नीतिहरुको विशेष प्रभाव रहेको पाइन्छ । यसकारण कौटिल्यको अर्थशास्त्र पनि नीतिसँगै जोडिएर रचना गरिएकोले पूर्वीय राज्य व्यवस्था एवम् अर्थव्यवस्थामा कौटिल्यको महत्वपूर्ण प्रभाव परेको देखिन्छ।। कौटिलीय विचार अनुसार स्वामी, अमात्य, कोष, दुर्ग, दण्ड, जनपद र मित्र गरी राज्यका सात अङ्ग हुने कुरा उल्लेख गरेका छन्, जसलाई निम्नानुसार देखाउन सकिन्छ।

**क) स्वामी**

कौटिल्य अर्थशास्त्रमा राजालाई स्वामी रुपमा लिएको पाइन्छ। कौटिल्यका अनुसार राज्यका सात अङ्गमध्ये स्वामी महत्वपूर्ण अंगकारुपमा हेरेको पाइन्छ। उनका अनुसार सम्पूर्ण राज्यको सञ्चालन राजाकै रेखदेख तथा निर्देशनमा हुने भएकाले राजामा विशिष्ट गुणहरु हुनुपर्ने उल्लेख गरिएको छ। विद्वान तथा उच्च कुलमा जन्मेको, धार्मिक प्रवृत्तिले युक्त, भएको शिक्षित व्यक्ति राजा हुनुपर्ने बताएका छन्। राजामा दुरदर्शीता, महत्वकांक्षा, मानिसलाई चिन्ने शक्ति, तथा योग्य व्यक्तिको छनोट गर्नसक्ने, सामन्ती स्वभावलाई नियन्त्रण गर्नसक्ने, प्रजावत्सल, राज्य तथा प्रजाको सुरक्षाका लागि सेना सञ्चालन गर्न सक्ने तथा तत्काल निर्णय लिनसक्ने गुण राजामा हुनुपर्ने कुरा

उल्लेख गरेका छन् । यी बाहेक पनि राजामा राज्यका अन्य विविध ज्ञान हुनुपर्ने कुरालाई उल्लेख गरेका छन् ।

मल्लकालीन शासन प्रणालीमा पनि कौटिल्य अर्थशास्त्रमा उल्लेख भएजस्तै राजालाई स्वामीकै रुपमा स्वीकार गरेको पाइन्छ । न्यायप्रमुख, सेना प्रमुख तथा प्रशासन प्रमुख राजा नै हुन्थे । मल्ल राजाहरु टाढा टाढासम्म पनि सेनाको नेतृत्व गरेर युद्ध सञ्चालन गर्न गएका उदाहरण पाइन्छन् । राजाहरू आफूलाई ठूलाठूला पदहरूले सम्बोधन गर्न रुचाउँथे । अधिकांश मल्ल राजाहरूले नेपालेश्वर, राजराजेन्द्र, सकलशस्त्रशास्त्रसङ्गीतादिविद्यापारङ्गत, कवीन्द आदि पदहरू लिने गरेका थिए ।जयस्थिति मल्ललाई त रामकै अवतारका रुपमा समेत मान्ने गरेको विभिन्न इतिहासकारहरुले लेखेका छन् । त्यसै गरी यक्ष मल्लको कुरा गर्दा उनलाई दिग्विजयी र कट्टर हिन्दु राजाका रुपमा मान्ने गरिन्छ । महेन्द्र मल्लले मल्लराज्य अलग अलग गरेर कान्तिपुरका राजा बने पनि मुद्राको प्रचलनका साथै विदेशसँगको सम्बन्ध राख्ने विषयबाट एक कुटनीतित्र राजाका रुपमा उनलाई लिन सकिन्छ । यिनको स्थिति र विधानको अध्ययनबाट राजाको चतुमुर्खी व्यक्तित्व स्पष्ट हुन्छ । यिनी बडा धर्मात्मा, प्रजापालक, उद्योगप्रेमी तथा कुशल कुटनीतित्र देखिन्छन् (दाहाल, २०५७, पृ.१५१) । त्यसैगरी प्रताप मल्ललाई पनि न्यायिक परिपाटीको सुधार गर्ने एवम् अन्य राज्यहरुसँग कुटनीतिक सम्बन्ध राख्ने नेताका रुपमा उनलाई लिइन्छ ।  प्रताप मल्लले शानइलाही जहाँगीर जस्ता पदवीहरू पनि लिने गरेका थिए। राजाहरू धर्मकर्ममा लाग्ने, मन्दिर पाटीपौवाहरूको निर्माण एवं जीर्णोद्धार गर्ने तथा नाचगानमा समेत भाग लिने गर्दथे । राजाहरू प्रजाहरूको हितअनुरूप नै काम गर्नेगर्दथे। भक्तपुरका राजा रणजित् मल्ल त कुनै ठोस निर्णय लिनुपर्दा जनमत समेत लिने गर्दथे। राजा र प्रजाबीच लिच्छविहरूको जस्तो आदर्श सम्बन्ध नभए पनि मल्ल राजाहरू अभिलेख तथा सनदपत्रहरू निकाल्दा 'शुभविचार' म तिमीहरूको शुभ चाहन्छु, तिमीहरूलाई दु:ख कष्ट नहोस् भन्ने आशय व्यक्त गर्दथे (दाहाल, २०५७, पृ. २२०) । यसरी मध्यकालीन नेपालको इतिहासमा मल्लकालीन शासन प्रणालीमा कौटिल्य अर्थशास्त्रमा उल्लेख गरेअनुसारका थुप्रै कुराहरु राजाका सम्बन्धमा मेल खाएको पाइन्छ । समग्रमा भन्नुपर्दा यसमा कौटिल्य अर्थशास्त्र उल्लेख गरेका राजाका गुणहरु भएका थुप्रै राजाहरु मल्लकालीन शासनमा देखा परेकाले कौटिल्य अर्थशास्त्रको प्रभाव परेको भन्न सकिन्छ ।

**ख) अमात्य**

कौटिल्य अर्थशास्त्रमा राज्यको स्वामीपछिको अर्को महत्वपूर्ण अंग आमात्य अर्थात मन्त्रीलाई लिएको पाइन्छ । उनका अनुसार राजालाई राज्य चलाउनका लागि आवश्यक सहयोगी अंगका

रुपमा मन्त्रीलाई लिएको छ । कौटिल्यले मन्त्रीलाई एउटा सारथीको रुपमा लिएको पाइन्छ । जसरी सारथीबिना रथ चल्न सक्दैन त्यसरी नै मन्त्रीबिना पनि राज्य चलाउन मुस्किल पर्दछ । उनले मन्त्री एक योग्य व्यक्तिलाई बनाउनुपर्ने कुरा उल्लेख गरेका छन् । कुलतमा लागेका अनुशासन हीन व्यक्तिलाई मन्त्री बनाउन नहुने विचार उनले राखेको पाइन्छ । त्यसैगरी मन्त्री कुनै प्रलोभनमा नफस्ने, विद्वान तथा राजालाई समेत उचित परामर्श दिन सक्ने क्षमता भएको व्यक्ति मन्त्री पदमा नियुक्त गर्नु पर्ने कुरा उल्लेख गरेका छन् । मन्त्रीले चापलुसी नगरी राजाको गल्ति समेत औंल्याउनु पर्ने भएकाले स्वयम् अनुशासित शिक्षित र निडर समेत हुनुपर्ने बताएका छन् । मन्त्रीले राजाको अनुपस्थितिमा सम्पूर्ण राज्यको भार सम्हाल्नुपर्ने भएकाले देशको हित गर्ने र राजधर्म तथा राजाको विश्वासिलो पात्रलाई नियुक्त गर्नु उचित रहेको बताएका छन् । मल्लकालीन शासन व्यवस्थामा पनि राजापछिको मुख्य पद मन्त्रीकै हुने गर्दथ्यो । दरबारभित्र षडयन्त्र गरेकाले पुराना मन्त्री तथा भारदारहरुलाई दण्ड दिएर वि.सं. १४४२ मा जयस्थिति मल्लले ललितपुरका जयत मल्ललाई महाथ (महामन्त्री) नियुक्त गरेको विषय विभिन्न इतिहासकारहरुले उल्लेख गरेका छन् । राजालाई राजकाजमा सहयोग गर्न केन्द्रमा मन्त्रिपरिषद् बनेको हुन्थ्यो । मन्त्रिपरिषत्मा प्रायः पाँच मन्त्री हुन्थे। तीमध्ये एकजना चौतारा (मुख्य मन्त्री) हुन्थे ।त्यसबेला मन्त्रिमण्डल गठन गर्ने परम्परा आफ्नै किसिमको थियो। त्यसवेला राजधानी रहेका मूल शहरहरू प्रशासनको दृष्टिले विभिन्न टोलमा विभाजित थियो । यी सबै टोलको रेखदेख गर्न प्रधानहरू पनि भारादारी (राजसभा) मा स्थान पाउँथे। प्रायः यिनै प्रधानहरूबीचबाट चयन गरी राजा मन्त्रिपरिषत्को गठन गर्दथे। यी मध्ये चौताराकोछनौट गर्दा विशेष गरेर राजा र प्रजालाई रिझाउन सक्ने व्यक्ति नै छान्ने गरिन्थ्यो । राजा-प्रजालाई रिझाउन नसक्ता तथा आफ्नो कर्तव्यको पालन नगर्दा कतिपय चौताराहरू पदच्युत गरिएका उदाहरण पनि पाइन्छन्। तत्कालीन समयमा मन्त्रीका रुपमा चौतारा शब्द पनि प्रयोग गरिएको पाइन्छ । (दाहाल,२०५७, पृ. २२०) । मल्लकालमा चौतारा देवीदास चिकुटी, लक्ष्मीनारायण, भगीरथ भैया, भागीराम आदि आफ्नो समयका प्रभावशाली चौताराहरू रहेको कुरा इतिहासमा पढ्न पाइन्छ । यसरी हेर्दा कौटिल्य अर्थशास्त्रमा भनेझैँ योग्य, अनुशासित, कुटनीतिक तथा राजालाई सहयोग गर्ने मन्त्रीहरु नियुक्त गरको पाइन्छ । यसरी भन्नुपर्दा मन्त्रीको चयनमा पनि कौटिल्य अर्थशास्त्रको प्रभाव देखिन्छ ।

**ग) जनपद**

कौटिल्यले जनता र भूमिलाई जनपदका उपमा उललेख गरेका छन् । जनता र राजा राज्यप्रति बफादारहुनपर्ने बताएका छन् । कुनै पनि राज्यको भूमि वनजंगल भएको, कृर्षिका लागि

योग्य, पानीका मुहानहरु भएको पहाड पर्वत सहितको भूमि राज्यको लागि आवश्यक पर्ने कुरा बताएका छन् । पशु, पंक्षीका लागि उपयुक्त, शैनिक किल्ला बनाउन उपयुक्त हुनुपर्ने भूमि राज्यका लागि आवश्यक हुन्छ । मल्लकालिन शासन प्रणालीमा पनि जनता र भूमिलाई महत्त्वका साथ हेरेर जनताले राज्यप्रति बफादारी गरेका थुप्रै उदाहरणहरु पाइन्छन् । मल्लकालमा विभिन्न राजाहरुलाई राज्यबिस्तार गरेका र आफ्नो राज्यको सुरक्षाका लागि जनताले खुन पसिना बगाएका इतिहासहरु देखिन्छन् ।जयस्थिति मल्लको पालामा भूमिसुधारका थुप्रै कार्य भएको पाइन्छ । यस समयमा पनि विभिन्न समयमा भोकमरी हुँदा उब्जायुक्त जमिन आफ्नो राज्यमा पार्नका लागि विभिन्न किसिमका सङ्घर्षहरु भएको देखिन्छ । भूमिलाई विभिन्न भूभागमा बाँडपाँड गरी उपयुक्त ठाउँमा किल्लाहरु बनाएको, कृषि योग्य जमिनलाई सुरक्षित राखेका तथा नदी तथा पानीका मुहान नजिक मानव बस्ती र खेत बनाइएका प्रमाणहरु अझैँ पनि ती राज्यहरुमा देख्न सकिन्छ ।

**घ) दुर्ग**

कौटिल्यका अनुसार राज्यका विभिन्न अंगमध्ये दुर्ग पनि एक महत्वपूर्ण अंग रहेको बतताएका छन् । उनका अनुसार दुर्ग भनेको सुरक्षा हो । आफ्नो राजयलाई अन्य राज्यको आक्रमणबाट बचाउन दुर्ग आवश्यक रहेको कुरा कौटिलिय अर्थशास्त्रमा उल्लेख गरिएको पाइन्छ । दुर्गमा खानपिन तथा अन्य आवश्यक सामग्रीका साथै हातहतियार एवम् गोला बारदको प्रबन्ध हुनुपर्ने कुरा उल्लेख गरेका छन् । उनले दुर्गलाई सुरक्षाका दृष्टिकोणले जल, पर्वत, धावन र वन दुर्ग गरी चार भागमा बाढेको पाइन्छ । जल दुर्गमा पहाडकोवरिपरि नदी तलाउ आदिले घेरेको, पर्वत दुर्गमा उच्चा पहाडहरु जसलाई पर्खाले घेरेको, धावन दुर्गमा सुख्खा भूमि र आवतजावत तथा यातायातका साधन सहज रुपमा यताउती गर्न सकिने र वन दुर्गमा चारीतिर दलदलर झाडीहरुले घेरेको भूमि हुनपर्ने उल्लेख गरेका छन् । मल्लकालीन शासन व्यवस्थामा पनि आफ्नो राज्यलाई सुरक्षित राख्नका लागि उचो भागमा पहाडका टुप्पामा विभिन्न सैनिक किल्ला तथा गढीहरुको निर्माण गरिएको पाइन्छ ।हाल नेपालमा रहेका थुप्रै ठाउँको नामसमेत तिनै गढीहरु जोडिएर बनेको यसको प्रमाण हो ।  अन्य राज्यबाट जोगिन विभिन्न किसिमका हातहतियारको व्यवस्थामा पनि मल्लकालीन शासनव्यवस्था अग्रपंतिमा आउने गर्दछ ।

**ङ) कोष**

कौटिल्यका अनुसार राज्य सञ्चालनको एक महत्वपूर्ण अंगका रुपमा कोषलाई लिएको पाइन्छ । राज्यका विभिन्न गतिविधि सञ्चालन गर्नका लागि अन्न धन लगायत महत्वपूर्ण वस्तुहरुको आवश्यक पर्ने भएकाले राजा तथा राजाले कोष सञ्चय गर्नुपर्ने कुरालाई उनले विशेषमहत्वका साथ

लिएको पाइन् छ । राज्यको कोष निरन्तर रुपमा बृद्धि हुनपर्ने कुरा उनले उल्लेख गरेका छन । उनले किर्षकहरुबाट अन्नको छैटौं भाग, व्यपारबाट दसौं भाग, पशु आदि व्यापारबाट पाचौं भाग तथा सुन चाँदि आदि बहुमूलय धातुहरुलाई करका रुपमा लिएर राज्यको कोष निर्माण गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । राजाले कर उठाउँदा जनताले सजिलै तिर्नसक्ने कर मात्र निर्धारण गर्नुपर्ने बताएका छन् । मल्लकालीन शासन व्यवस्थामा पनि विभिन्न किसिमका करहरुको व्यवस्था गरिएको थियो । जयस्थिति मल्लका पालामा घरजग्गाको कर उठाउनका लागि जमिनलाई अब्बल दोयम, सिम र चाहार गरी जमिनमा हुने उब्जाउ अनुसारको करको निर्धारण गरी राज्यकोषमा जमा गर्नुपर्ने व्यवस्था गरिएको थियो । महेन्द्र मल्लको पालामा त सून चाँदीको मोहर समेत प्रचलनमा आएको इतिहास पाइन्छ । त्यसै गरी व्यापार व्यवसायबाट समेत कर उठाउने र राज्यकोषमा राख्ने व्यवस्था थियो । वि.सं. १७०० तिर भने नेपाल तिब्बत बीच युद्ध भएको देखिन्छ । प्रतापमल्लका सहयोगी काजी भीम मल्लले सैनिक अभियानद्वारा तिब्बतमा आक्रमण गरेपछि तिब्बतले नेपालसंग सन्धी गरेको थियो। उक्त सन्धीमा नेपाली व्यापारीहरूका बत्तीस कोठीहरू तिब्बतमा खोलिने, नेपाली व्यापारीहरूको रेखदेख गर्न एक बाणिज्य दूत (नायक वकिल) तिब्बतमा रहने, भोटको निमित्त नेपालले मुद्रा बनाइ दिने, तथा नेपाली मुद्राहरू पनि भोटको बजारमा मान्य हुने, भोटमा नेपाली व्यापारीहरूको अपुताली परेमा त्यसको सम्पत्ति नेपाल सरकारलाई नै हस्तान्तरण गर्नुपर्ने जस्ता सम्झौता गरिएका थिए। यसरी तिब्बतसँग भएको व्यापार सन्धिको कारणले नेपाल उपत्यकाको आर्थिक उन्नतिमा ठूलो सघाउ पुग्यो (दाहाल, २०५७, पृ.२२४) । यसरी समग्रमा भन्नुपर्दा कौटिल्य अर्थशास्त्रमा उल्लेख गरेअनुसार मल्लकालीन शासन व्यवस्थामा पनि राज्यको कोषका लागि कर व्यवस्थाका साथै व्यापार सन्धी, मुद्राहरुको प्रचलन, उद्योग आदिबाट राज्यकोषको स्थापना गरी त्यसको विकास समेत गरेको पाइन्छ ।

**च) दण्ड**

राजाले राम्रो कामको पारितोषिक र नराम्रो कामका लागि सजाय दिनुपर्ने हुन्छ । उनले यस्तो कामको लागि दण्डका रुपमा सेनालाई उल्लेख गरेको पाइन्छ । राज्यको सूरक्षाका लागि सेना आवश्यक हुने गर्दछ । सैन्य बल नै राज्यको भविष्य भएकाले राज्य तथा राजयको सुरक्षाका लागि बफादार, वीर, पराक्रमी तथा जवान व्यक्तिहरुलाई सैनिकका रुपमा उपयोग गर्नुपर्दछ । सैनिकहरुलाई अस्त्रसस्त्र लगायत आवश्यक सेवासुविधा राज्यले उपलब्ध गराउनुपर्ने हुन्छ । मल्लकालीन शासन व्यवस्थामा पनि न्याय तथा दण्ड व्यवस्था एकदमै मजबुदा थियो । मल्ल राजाहरू आपसमा जे-जस्तो झगडा गरे पनि जनतालाई निष्पक्ष न्याय दिलाउन प्रयत्नशील रहन्थे।

सानातिना मुद्दा मामिला र भै-भगडा पञ्चहरूले नै मिलाउने गर्दथे । पञ्चायतको निर्णयमा चित्त नबुझे राजाकोमा उजूर गर्न पाइन्थ्यो । जगज्जय मल्लको एक ताम्रपत्रअनुसार 'आफूलाई मर्का परे फूल लिएर दरबारमा उपस्थित हुने र आफ्नो कुरो बताउने, उजूरीमा चित्त बुझे राजाले फूल ग्रहण गर्ने' यस्तो व्यवस्था त्यसवेला थियो। प्राचीन धर्म-शास्त्रहरूको आधारमा न्याय दिलाउने धारणा त्यसवेला विद्यमान थियो । जयस्थिति मल्लले सुधारको अभियान चलाउँदै न्यायियक सुधारमा पनि ध्यान दिएका थिए । सिद्धिनरसिंह मल्लले गोरखाका राम शाहको नीति लिएका थिए भने प्रताप मल्लले त यसमा निकै सुधारसमेत गरेका थिए। प्रताप मल्लको शासनताका कुनै अभियुक्तसँग बयान लिंदा आकाशभैरव वा कोटिलिङ्गेश्वरको फलक छोएर शपथ लिन लगाइन्थ्यो । पछि प्रताप मल्लले अभियुक्तको सट्टा न्यायाधीशहरूले निष्पक्ष न्याय दिन, शपथ खान कोटिलिङ्गेश्वरको फलक छुने नियम बसालिदिए । यसमा पनि चित्त नबुझेर उनले केही ठूला-ठूला अपराधहरूको अन्य अदालतहरूले गरेको फैसलामाथि फेरि छानबीन गर्न एक विशेष किसिमको अदालतको व्यवस्था गरेका थिए। सानातिना अपराधहरूमा आर्थिक दण्ड गर्ने तथा ठूला अपराध गर्नेहरूलाई मृत्युदण्ड दिने चलन थियो (दाहाल, २०५७, पृ. २२२) ।

**छ) मित्र**

कौटिल्यले राज्यका सात अङ्ग मध्ये मित्र पनि एक महत्त्वपूर्ण सिद्धान्त रहेको उल्लेख गरेका छन् । राजा तथा राज्यले छिमेकी मुलुकहरको मित्रवत सम्बन्ध हुनुपर्ने कुरालाई विशेष महत्त्वका साथ हेरेको पाइन्छ । आपतकालमा छिमेकीले सहयोग गर्ने भएकाले राजाले छिमेकीहरुसँग मित्रवत व्यवहार गर्नुपर्ने हुन्छ । राजाले कुन मित्र बनाउन योग्य छ त्यो कुरालाई विशेष विचार पुगाउनुपर्ने कुरा उल्लेख गरेका छन् । मल्लकालीन नेपालमा पनि कौटिल्यको मित्र नीतिलाई महत्त्वका साथ पालन गरेको पाइन्छ । आफ्नो राज्यको सुरक्षाका लागि आपसी राज्यहरुसँग सम्बन्ध स्थापित गर्ने, नाता सम्बन्ध बढाउने, मित लगाउने जस्ता विभिन्न कुराहरु इतिहासमा सुन्नमा आउँछन् । मल्लकालीन शासन व्यवस्थामा भारतका विभिन्न राज्य, तिब्बत तथा चीनसँग पनि विभिन्न किसिमका सम्बन्धहरु स्थापित गरी व्यापार व्यवसाय बढाउने तथा एकअर्कालाई सहयोग गर्ने परिपाटी थियो । प्राचीन कालमा स्थापित भएको नेपाल-भारत सम्बन्ध मध्यकालमा पनि विविध ढङ्गले कायमै रहेको देखिन्छ। यद्यपि यी दुई मुलुकहरूबीच मध्यकालको शुरुतिर भने त्यति राम्रो सम्बन्ध स्थापित भएको देखिदैन। वास्तवमा उत्तर भारतमा भएको मुसलमानी आक्रमणको कारणले धेरै भारतीय विद्वान्हरू, भिक्षुहरू, व्यापारीहरू तथा सर्वसाधारण मानिसहरू समेत नेपालको विभिन्न भागमा शरणार्थीका रूपमा प्रवेश गरेका थिए। यी सबैलाई नेपालले शरण दिएको थियो (दाहाल,

२०५७, पृ. २२३) । यसरी समग्रमा भन्नुपर्दा कौटिल्य अर्थहास्त्रमा उल्लेख गरेअनुसार मल्लकालीन शासन प्रणालीले पनि विभिन्न राज्यहरुसँग मित्रवत् सम्बन्ध स्थापित गर्नुका साथै अन्य राज्यहरुलाई सहयाृग गर्ने काम पनि गरेको पाइन्छ ।

यसरी समग्रमा भन्नुपर्दा कौटिल्य अर्थशास्त्रमा उल्लेख गरिएका राज्यका सात राजा, जनपद, दुर्ग, कोश, दण्ड, मित्र मल्लकालीन शासन व्यवस्थामा पनि व्यवस्थित रहेको पाइन्छ । यी सात अङ्गको नियुक्ती तथा व्यवस्थापन पनि कौटिल्य अर्थशास्त्रले उल्लेख गरेअनुसार नै रहेको पाइन्छ ।

## निष्कर्ष

पूर्वीय वाङ्मयका महान दार्शनिक चाणक्य कौटिल्यद्वारा इसाको चौथो शताव्दीतिर रचना गरिएको  अर्थशास्त्रलाई कौटिल्य अर्थशास्त्र भनिन्छ । तत्कालीन समयमा भारतको आर्थिक तथा सामाजिक अवस्थाको जानकारी दिन र सही बाटो अवलम्बन गर्न महत्त्वपूर्ण योगदान गरेका कौटिल्यले पूर्वीय वाङ्मयमा चाणक्य कौटिल्यले अर्थशास्त्रको परिभाषा र व्याख्या विश्लेषण गरेको पाइन्छ । उनको अंशास्त्रमा राज्य व्यवस्थाका सात अङ्ग राजा, जनपद, दुर्ग, कोश, दण्ड, मित्रको चर्चा गरेको पाइन्छ । पूर्वीय वाङ्मयमा उनको नीति र अर्थशास्त्रको गहिरो प्रभाव परेको पाइन्छ । नेपालमा पनि उनको नीति र अर्थशास्त्रको निकै प्रभाव परेको पाइन्छ । नेपालका शासकहरु पनि वर्तमान भारतबाटै बसाई सरेर आएको इतिहास पाइन्छ । यसका अतिरिक्त हिन्दु धर्म अनुसार राज्य चल्ने ठाउँहरुमा उनको प्रभाव पाइन्छ । मल्लकालीन नेपाली शासनव्यवस्थामा पनि कौटिल्य अर्थशास्त्रमा उल्लेख गरेअनुसार राज्यका सात अङ्गहरुको आधारमा शासन व्यवस्था सञ्चालन भएको पाइन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, ओमप्रकाश (२०६८) *चाणक्य नीति,* श्री दुर्गा साहित्य भण्डार, वाराणसी

दाहाल, पेशल (२०५७) *नेपालको इतिहास,* एम के पब्लिशर्स एण्ड डिस्टिब्युटरर्स, भोटाहिटी, काठमाडौं ।

निउरे, ध्रुवप्रसाद र दिनेश घिमिरे (२०७०) भाषिक अनुसन्धान विधि, सनसाइन  पव्लिकेशन, काठमाडौं

प्राणनाथ, श्रीयुत विद्यालङ्कार (१९२३) *कौटिल्यका अर्थशास्त्र,* मोतिलाल वनारसी दास,  लाहौर ।

मिश्र, अनिलकुमार (२००८) *कौटिल्यका अर्थशास्त्र,* प्रभात प्रकाशन, दिल्ली ।

सुवेदी, खेमराज र अन्य (२०१८) *व्यवसायिक अर्थशास्त्र,* ड्रिमलेण्ड पव्लिकेशन प्रा.लि. काठमाण्डौं ।

ज्ञावाली, सञ्जय र रामप्रसाद दुलाल (२०७६) *अर्थशास्त्र*, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।